# मेलम्ची नगरपालिका

## नगरपालिकाको कार्यालय

## बागमती प्रदेश

### सेवा करारमा पदपूर्ति सम्बन्धी सुचना

### प्रथम पटक प्रकाशन मिति २०७७।०८।०९

प्रस्तुत बिषयमा गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ५ बमोजिम यस आर्थिक वर्ष २०७७।०७८ को लागि तपशिल वमोजिमको उद्यम विकास सहजकर्ताको सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकाले तपशिल बमोजिम योग्यता पुगेका इच्छुक १८ वर्ष उमेर पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

| क स | विज्ञापन नं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६/२०७७/७८ | उद्यम विकास सहजकर्ता | चौथो तह | २ | |

**आवश्यक योग्यता र अनुभवः**

क) प्राविधिक शिक्षा तथा ब्यबसायिक तालिम केन्द्र (CTEVT) वाट उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा

ख) प्राविधिक शिक्षा तथा ब्यबसायिक तालिम केन्द्र (CTEVT) वाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तिर्ण गरेको वा

ग) प्राविधिक शिक्षा तथा ब्यबसायिक तालिम केन्द्र (CTEVT) वाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तिर्ण गरेको

**दरखास्त दिने स्थानः** यस नगरपालिकाको कार्यालयमा वा dms.melamchimun@gmail.com मा पनि पठाउन सकिने छ ।

**दरखास्त दिने अन्तिम मितिः** २०७७।०८।१५ गते बेलुका ५:०० बजे सम्म ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) निवेदन (ख) ब्यक्तिगत विवरण (ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (घ) शीप परिक्षणको प्रमाणपत्र भएमा त्यसको प्रतिलिपि (ङ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (च) कामको अनुभव खुलेको कागजातहरु

**सेवा तथा सुबिधाहरुः**

योग्यता र अनुभवको आधारमा नगरपालिकाले सम्झौतामा तोकेअनुसार तलब स्केल र फिल्डमा खटिएको अबस्थाको यातायात खर्च तथा दैनिक भ्रमण भत्ता उपलब्ध गराइने छ ।

**छनौटको तरिकाः**

प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन गरी अन्तरवार्ता लिइने छ । कोभिड १९ को कारणले गर्दा प्रारम्भिक सुचीमा परेका उम्मेदवारहरु अन्तर्वार्ताको लागि उपस्थित हुन नसक्ने अवस्था भएमा टेलिफोन वा अन्य विद्युतिय माध्यमबाट पनि अन्तरवार्ता लिन सकिने छ ।

**थप जानकारीका लागि सम्पर्क नं ०११-४०११४१, ०११-४०११४२**

सदस्य सचिव